


# नाकैमाथि सिङ !

इन्द्रप्रसाद अधिकारी

# नाकैमाथि सिङ !




लेखक

**इन्द्रप्रसाद अधिकारी**

**प्रकाशक एवं वितरक**

हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्यूटर्स प्रा.लि.

भोटाहिटी, काठमाडौं, नेपाल



# नाकैमाथि सिङ !

(बालकथा)


लेखन : इन्द्रप्रसाद अधिकारी

चित्राङ्कन : कमल गुरुङ, artistkamalgrg@gmail.com

सम्पादन : चन्द्रा बस्नेत



सर्वाधिकार © : कथा–लेखकमा, चित्र–प्रकाशकमा



पहिलो संस्करण : २०६९ फागुन

डिजाइन/लेआउट : स्लीङ मिडिया प्रा.लि., फोनः ०१–४४२२०७३

प्रकाशक : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्यूटर्स प्रा. लि.
भोटाहिटी, काठमाडौं, फोनः ०१–४२२१२९१, ४२२९७७०

मुद्रण :

मूल्य : रू. १००/–

ISBN : 978-9937-595-13-1


**Naakai Mathi Sing : A Pictorial Storybook for Children**

# कथाबाहिरका केही कुरा

प्रस्तुत '**नाकैमाथि सिङ**' चित्रात्मक बालकथा लिएर स-साना भाइबहिनीहरू समक्ष आउन पाउँदा मलाई फेरि खुसी लागेको छ। यो बालकथा **डेनिस राइटर्स असोसिएशन, नेपाल बालसाहित्य समाज र रूम टु रीड-नेपाल च्याप्टर**को संयुक्त आयोजनामा फागुन १८-२१, २०६६ मा धुलिखेलमा सम्पन्न कथालेखन कार्यशालाको लागि तैयार गरिएको थियो। तत्पश्चात् यसमा धेरै पटक थपघट गरी वर्तमान स्वरूपमा ल्याइपुऱ्याउन सकिएको हो।

यो पुस्तक आफ्नो नाकडाँडीमा रहेको सिङले गर्दा आफू नराम्रो देखिएको भनेर पिरलिंदै भौंतारिएको भुन्टे नामको गैंडाको कथा हो। यही कारणले चिन्तित भई हिँडदै जाँदा उसको भेट अझ नराम्रा देखिने अरु केही जनावरहरूसँग हुन्छ। कुराकानीका क्रममा तिनीहरूले भुन्टेलाई के भने, भुन्टेलाई पछि कस्तो आपत आइलाग्यो, उसलाई ती जन्तुले कसरी बचाए अनि पछि उसको सोचाइमा के कस्तो परिवर्तन आयो भन्ने कुरा यस बालपुस्तकमा चित्र र शब्दका माध्यमले देखाइएको छ।

कथाको अन्त्यमा भुन्टे गैंडाले कुराकानी गरेका जनावरहरूको परिचयसहित तिनीहरूको जीवनचक्र, आनिबानी आदिबारे तथ्यगत जानकारी पनि संक्षेपमा दिइएको छ। आशा छ, यो पनि बालबालिकाको लागि उपयोगी होला।

बालसाहित्य लेख्नु बाहिरबाट हेर्दा जति सजिलो देखिन्छ जिम्मेवारीपूर्वक सोच्दा त्यत्तिकै कठिन र गहन दायित्ववोधले बाँधिनु पर्दछ। कथामा नकारात्मकता झल्कन नहुने, अर्ति उपदेश थोपरिनु नहुने आदि धेरै सीमितताभित्र बाँधिएर लेख्नु पर्ने हुनाले लेखन कार्य भनेजस्तो सजिलो हुँदैन। यसैगरी पाठ्यपुस्तकेतर बालसाहित्य बालबालिकाका लागि अति आवश्यक हुन्छन् भन्ने कुरामा अभिभावक र सम्बन्धित संस्था तथा व्यक्तिहरूबाट चासो नराखिने हुनाले पनि नेपालमा बालसाहित्य लेखन र प्रकाशन फस्टाउन सकेको छैन।

पाण्डुलिपिलाई प्रस्तुत रूपमा प्रकाशन गरी यहाँहरू समक्ष ल्याइदिने हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्यूटर्सका श्री बाबुराम गौतम तथा हेरिटेज परिवारलाई म मुरीका मुरी धन्यवाद दिन चाहन्छु। सुरुमा पाण्डुलिपि हेरी पुनर्लेखन गर्न सुझाव दिनुहुने **कथावाचक समाज**का महासचिव तथा बालसाहित्यज्ञाता श्री कृष्णदीप सिग्देलप्रति धेरै आभारी छु। यसै क्रममा कथाको गुणस्तरीयताका लागि अमूल्य सुझाव दिनु हुने अनुक्रमराज शर्मा र कमल सुवेदीलाई पनि धन्यवाद नदिई रहन सक्तिन।

मैले यो बालकथा लेखनका क्रममा विविध जानकारीका लागि विभिन्न पुस्तकहरूको सहयोग लिएको छु। यसका साथै कथामा चित्रण गरिएका जनावरहरू साँच्चै कस्ता देखिन्छन् होला भन्ने कुरा प्राकृतिक अवस्थामै खिचिएका फोटोबाट नै बालबालिकाले राम्रोसँग चिन्न सक्ने हुनाले मैले यसका लागि इन्टरनेटका गुगल इमेज र विकीपिडीया वेबसाइटहरूबाट साभार सहयोग लिएको छु। तसर्थ ती लगायत मलाई हौसला दिनु हुने मित्र प्रतीक ढकाललगायत अन्य मित्रहरू, आफन्त अनि घर परिवारका सदस्यहरू, अन्य शुभचिन्तकहरू एवं सबै पाठकहरूलाई लिखितरूपमा एकैपटक धन्यवाद दिने सुनौलो मौका पनि यहाँ पाएको छु।

अन्तमा, यस कथालाई परिमार्जन गर्ने अझै प्रशस्त ठाउँहरू होलान्। यसका लागि म विज्ञ पाठकहरूबाट सदैव सुझावको स्वागतपूर्ण अपेक्षा गर्दछु। धन्यवाद!


विनीत,
लेखक
२०६९ मार्ग शुक्ल पूर्णिमा
मैतीदेवी, काठमाडौं
इमेलः adhikariip@gmail.com



भुन्टे गैँडालाई हर्हरी तिर्खा लागेछ। खोलाछेउ पुगेर पानी खान लाग्दा उसले आफ्नो अनुहार पानीमा झुलुक्क देख्यो अनि खिन्न हुँदै आफैँसँग भन्यो, "**उफ्, नाकैमाथि सिङ ! मलाई जे मन परेको छैन त्यही नै देखिन्छ पहिला ! यो कुठाउँको सिङले गर्दा मेरो अनुहार त साह्रै नराम्रो !**"




मयूर कत्ति राम्रो हुन्छ, आहा ! मयूरजस्तो हुन पाए कति मज्जा  हुन्थ्यो ! खरायो पनि त राम्रो हुन्छ । आफू भने नाकैमाथि सिङ पलाएको कुरूप रहेँछु । मलाई त भगवानले ठग्नु ठगेका हुन् ।



**"यो सिङलाई रूखमा ठोक्काएर भाँचिदिउँ कि कसो ?"**, भुन्टेले रिस देखायो । तर एकैछिनमा शान्त भएर फेरि सोच्यो, **"आऽऽ होस् ! संसारमा मजस्ता नराम्रा जनावर पनि त होलान् नि ! हेर्दै जाउँ ।"**




खोलाको पारिपट्टि भुन्टेले भ्यागुता देख्यो । "**लौ हेर भ्यागुता ! यो त साह्रै नराम्रो देखिन्छ, छ्या ! साँझ बिहान झर्को लाग्ने गरी ट्वार-ट्वार कराइरहन्छ । यस्ता घिनलाग्दा फुच्चासँग के बोल्नु !**", भुन्टेले भ्यागुतालाई देखेको नदेखे झैँ गरी हिँड्न लाग्यो ।




"**भुन्टेदाइ ! किन तर्किएर हिंडेको ? मैले केही बिराएँ जस्तो त लाग्दैन।**" भ्यागुताले मायालु भाकामा अझै भन्यो, "**साना भए पनि हामी काम लाग्ने जन्तु हौँ...।**" तर भुन्टेले भ्यागुताको अरू कुनै कुरा सुन्न चाहेन। 'उस् उस्, खुबै काम लागिस्!' यसो भन्दै हियाएर भुन्टे नजिकैबाट हिंड्यो।




**"ऊ आयो अर्को लसक्–लसक् गर्दै ।**
**कत्ति लामो नाक ? बाँसजस्तो ! डरलाग्दो ! घिनलाग्दो ! छि : दिनभरि खाएर पनि नअघाउने भकारीजस्तो भुँडी ! खानाको काल, पृथ्वीको भार !"**, भुन्टेले हात्ती मन नपराएर धेरै कुरा फत्फतायो ।




**"भुन्टेदाइ, मेरो सूँड देखेर खुबै लोभियौ कि कसो ? हो नि, यो सूँड औधी राम्रो छ ! यो मेरो सास फेर्ने नाक हो । अनि काम गर्ने हात पनि यही हो, बाबै ।"**, हात्तीले नम्र भएर बतायो । हात्तीको कुरा सुनेर भुन्टेले खिसीटिउरी गर्दै मनमनै भन्यो, **"काम गर्ने हात होइन खानेकुरा मात्र सोहोर्ने अङ्ग भन्नु नि बरु !"**



**“लौ हेर, अर्को घिनलाग्दो जन्तु । उफ् ! जीउ हेर न यसको, उल्टी नै आउला जस्तो, छि : । आफूलाई नराम्रो देखेर कति दुःख मान्दो हो ! भित्रभित्रै कति मुर्मुरिँदो हो !”**, छेपारोलाई हेरेर भुन्टेले नाक खुम्च्याउँदै भन्यो ।




**"ए भुन्टेदाइ ! किन नाक खुम्च्याएको ? सन्चो भएन कि कसो ? कि मलाई हियाएको ? तिमी जे सुकै सोच । हामी बारी बगैँचाका कीरा फटेङ्ग्रा खाइदिन्छौं र वातावरण सफा राख्छौँ । यसैमा हामी सन्तुष्ट छौँ, आनन्द छौँ, सुखी छौँ ।"**, छेपारोले मीठोगरी भन्यो । 'हे अचम्म !', यति भन्दै भुन्टे हिँड्यो ।




"**उफ्, डुङ्डुङी के गनाएको यस्तो ? ऊ त्यो जिङरिङ्ग परेको जन्तु पो गनाएको होला, छ्या !**", दुम्सी देखेर भुन्टे फत्फतायो । नजिक आएपछि प्याच्च भनिहाल्यो, "**तिम्रा त जीउभरि लामालामा काँडैकाँडा ! जीउ नै काँडाघारी जस्तो ! साह्रै नराम्रो देखिन्छ ! के काम यी काँडाको ? उखेलेर फ्याँकिदेउ न !**"




**"के रे के रे ? काँडाधारी रे ? यी काँडाको के काम रे ? उखेलेर फाल्नु रे ? तिमी त 'माल पाएर चाल नपाउने' खालको जन्तु रहेछौ। लौ सुन, नराम्रो देखिए पनि यी काँडा हाम्रा हतियार हुन्। आफूलाई बचाउने अनि शत्रुलाई भगाउने हतियार ! बुझ्यौ ?"**, दुम्सीले जबाफ दियो। **"उस् ! आफू कत्ति न 'माल पाएर चाल पाउने' भ'को होला ! हेरौँला न यी काँडाले शत्रु भगा'को !"**, भुन्टे हियाएर बोल्दै हिँड्यो।




यसपछि एउटा अनौठो जन्तुसँग भुन्टेको जम्काभेट भयो । भुन्टेले अचम्म मान्दै सोच्यो, "**आबुई, खबटै खबटा भएको जन्तु । छ्या, कत्ति नराम्रो ! संसारमा सबैभन्दा नराम्रो यै जन्तु हो कि कसो ?**" केही बुझिहालौँ भनेर भुन्टेले कुरा बटार्‍यो, "**ए कत्ले भाइ, तिमीलाई यी खबटे कत्ला भारी र अप्ठेरो लाग्दैन ?**"




**"के रे के रे ? 'कत्ले भाइ' रे ! के मेरो नाम छैन र ? म सालक हुँ। मलाई 'सालक भाइ' भन। अनि सुन। मलाई यी खबटे कत्ला भारी लाग्दैनन्, अप्ठेरो पनि लाग्दैन। यी खबटे कत्ला त मेरा गहना हुन्। मेरो कमलो जीउको रक्षा गर्ने सुरक्षा–कवच हुन्, बुझ्यौ ?"** सालकले दरोसँग जवाफ दियो। भुन्टे केही नबोली लुरुलुरु हिँड्यो।




भुन्टेले अलि पर गिद्ध भेट्यो । उसलाई गिद्ध झनै मन परेन । हेपेर प्याच्च भनिहाल्यो, "**गिद्धभाइ, तिमीलाई पनि भगवानले ठग्नु ठगेछन् । मभन्दा पनि कुरूप बनाइदिएछन् । बाङ्गो गर्धन, खुइलिएको टाउको, कत्ति नराम्रो देखिन्छौ तिमी, छि : छि : !**"




**"म नराम्रो रे ? कुरूप रे ? मनपरि बोल्छौ ? तिम्रो आँखा ठुँगेर फुटाइदिउँ ? बरु तिम्रो मन नै कुरूप, तिम्रो विचार नै कुरूप !"**, गिद्ध जङ्गियो र अझै भन्यो, **"भगवानले मलाई यस्तै बनाइदिए । म खुसी नै छु । तिमीलाई केको टाउको दुखाइ ? लौ सुन । ऊ पर एउटा जन्तु मरेको रहेछ । हामी त्यहीँ सरसफाइको काम गर्न भेला हुन आएका हौँ ! तिमीजस्तो बिनाकाम लखर-लखर हिँडेर समय खेर फाल्ने हो र ?"** गिद्धको जबाफले भुन्टेको मुख टालियो । ऊ टाप कस्यो ।



भुन्टे सोचमग्न भएर हिँड्न थाल्यो । अघिपछि दायाँबायाँ केही ख्याल राखेन । यत्तिकैमा ऊ सिकारीहरूले थापेको धराप खाल्टोमा खुम्रुङ्ङ खस्यो । ऊ आत्तियो । बाहिर निस्कन निक्कै प्रयास गऱ्यो तर सक्दै सकेन । भुन्टे फँसेको थाहा पाएर उसलाई मारेर उसको सिङ काटेर लैजान हतियार बोकेका तस्करहरू आउन थाले । भुन्टे झनै डरायो र बेस्सरी चिच्यायो, "**गुहार, गुहार ! मलाई बचाऊ ! मलाई खाल्टोबाट निकाल** !" ऊ रुन थाल्यो ।



भुन्टे खाल्टोमा परेको भ्यागुताहरूले थाहा पाए अनि तुरुन्तै ट्वार-ट्वार कराएर सबैलाई सूचना दिन थाले । छेपाराहरू खुरुरु-खुरुरु कुदेर सबैलाई बोलाउन गए । सालक, गिद्ध, दुम्सी, हात्ती सबै '**भुन्टे दाइलाई के भो ?**' भनेर दौडँदै आए । दुम्सीले सिकारीहरूमाथि काँडा फ्याँक्यो । शिकारीहरूको भागाभाग भयो । गिद्धले त एउटा सिकारीको आँखा नै फोरिदियो । सालकले खाल्टोमा माटो खसाएर भुन्टेलाई अलि माथि उकास्यो । हात्तीले भुन्टेलाई सूँडले तानेर सर्लक्क बाहिर निकाल्यो । भुन्टेको ज्यान बच्यो । उसले सबैलाई धन्यवाद दियो ।



अब भुन्टे केही सोच्न थाल्यो । "ओहो ! **मैले भ्यागुता, हात्ती, दुम्सी, छेपारो, सालक, गिद्ध ज-जसलाई नराम्रो र कुरुप ठानें, उनीहरू कसैले पनि आफू नराम्रो छु भनेर गुनासो गरेको पाइनँ। सबै सन्तुष्ट थिए, खुसी थिए। सबै आ-आफ्नो काममा व्यस्त थिए ! तिनैले मेरो ज्यान पनि बचाए। कत्ति राम्रो !**



साँझ घाम डुब्ने बेलामा घर फर्कंदा भुन्टेले आफैँसँग भन्यो, "**म पनि राम्रै त छु नि। नाकैमाथि सिङ भएर के भयो त ! मलाई मयूरजस्तै किन हुनु पर्‍यो र ? मलाई खरायोजस्तै किन हुनु पर्‍यो र ? म जेजस्तो छु, ठीकै छु। परिआएका बेला म पनि अरुलाई सहयोग गर्न सकुँला। अब म बरालिनु हुन्न। काममा लाग्नु पर्छ। आहा, यो संसार कत्ति राम्रो ! कत्ति राम्रा मेरा साथीहरू ! अनि कत्ति राम्रो मेरो नाकैमाथि सिङ !**"

# हाम्रो चिनारी




## सालक
(PANGOLIN)

जीउभरि बाक्ला खबटे कत्ला भएका हामी सालक हौँ । हामी अचम्म लाग्दा देखिन्छौँ तर यी कत्लाले हाम्रो शरीरलाई चोटपटक लाग्न दिँदैनन् । हामी निशाचर (राती मात्र घुमफिर गर्ने) जनावर हौँ । दिउँसो चाहिँ जमीनमुनी सुरुङ्मा सुरक्षित भएर बस्छौँ । हामी एशिया र अफ्रिकामा बसोबास गर्छौं । नेपालमा हामी तामाको रङ भएका 'तामे सालक' र ढुङ्गाको रङ भएका 'खैरे सालक' गरी दुई थरीका छौँ । हाम्रो वजन सालाखाला १२ के.जी. हुन्छ । हाम्रो आँखा एकदमै कमजोर हुन्छ तर सुँघ्ने शक्ति धेरै भएकोले गर्दा आफ्नो आहारा सुँघेरै पत्ता लगाउन सक्छौँ । हामी मांसाहारी जनावर हौँ तर हाम्रो दाँत हुँदैन । हामी आफ्नो १५ इन्च लामो जिब्रोले कमिला, धमिरा आदि टिपेर खान्छौँ । हाम्रो आहारा नै यही हो । शत्रुबाट हाम्रो ज्यानको खतरा हुनासाथ हामी गुँडुल्किएर गाडीको चक्का जस्तो हुन्छौँ र बाहिरपट्टि यिनै खबटे कत्लाले ढाकिन्छ । यसलाई फुकाउन हम्मेसी कसैले सक्तैन । निस्ठुरी मानिसहरू यही खबटे कत्लाको लोभले हामीलाई मार्छन् । त्यसैले हाम्रो सङ्ख्या दिनहुँ घट्दै छ र हामी लोपोन्मुख जातिको सूचीमा परिसकेका छौँ । आजभोलि विश्वले हाम्रो संरक्षणमा चासो देखाउन थालेको छ ।



# दुम्सी
(SPINY PORCUPINE)

हामी पनि निशाचर जनावर हौँ । हामी खरायो जत्रै देखिन्छौँ । हाम्रो सालाखाला वजन १० के.जी. हुन्छ । शरीरको रङ खैरो, छिरबिरे हुन्छ । हामी शाकाहारी प्राणी हौँ । बोट बिरुवाका साना डाँठहरू, हरिया पातहरू र रूखका कलिला बोक्रा खान्छौँ । हामी बच्चालाई जन्म दिन्छौँ र दूध चुसाएर हुर्काउँछौँ । हाम्रो अचम्मलाग्दो विशेषता के छ भने हाम्रो शरीरमा काँडैकाँडा भएका थुप्रै प्वाँखहरू हुन्छन् । जब शत्रु हाम्रो नजिक आउँछ तब हामी जीउ हल्लाएर काँडा फ्याँक्छौँ अनि शत्रु भाग्छ । शरीरमा पछि अरु नयाँ काँडाहरू पलाउँछन् । भियतनाम, नेपाल आदि एशियाका केही देशहरूमा लोभीपापी मान्छेले लुकीलुकी हामीलाई मारेर मासु खान्छन् । हाम्रा काँडाको विभिन्न प्रयोग गर्छन् । यस्ता कार्यले गर्दा हाम्रो संख्या निरन्तर घटिरहेको छ । त्यसैले हामी दुम्सीहरूको संरक्षण गर्न आजभोलि संसारका धेरै संस्थाहरूले चासो देखाउन थालेका छन् ।



# भ्यागुता
(FROG)

हामी वर्षा याममा खेतबारी, हिलो, पोखरीमा ट्वार्-ट्वार् कराउने साना जन्तु हौं । पानी र जमीन दुवै ठाउँमा बस्न सक्ने हुनाले हामी उभयचर (Amphibians) वर्गभित्र पर्दछौं । सानो छँदा हामीलाई चेपागाँडा (Tadpole) भन्छन् । चेपागाँडाको अवस्थामा हुँदा हाम्रा खुट्टा हुँदैनन् । खुट्टाको साटो पुच्छर हुन्छ । त्यही पुच्छरको सहायताले पानीभित्र पौडन्छौं । पछि विस्तारै खुट्टा उम्रिन थाल्छन् अनि पुच्छर हराएर जान्छ । हामी अण्डाबाट जन्मन्छौं भने तान्जानियाका एक प्रकारका भ्यागुताले चाहिँ बच्चा नै जन्माउँछन् । हाम्रा चारवटा खुट्टा हुन्छन् । जमिनमा फुत्रुक-फुत्रुक उफ्रिनका लागि पछाडिका खुट्टा लामा हुन्छन् । हाम्रो मुख्य आहारा भनेको खेतबारीमा लाग्ने कीरा फटेङ्ग्रा नै हुन् । किसानहरूले हामीलाई बालीनालीमा लाग्ने कीरा फटेङ्ग्राबाट बचाउने रक्षक ठान्छन् । पूजा पनि गर्छन् । विज्ञान पढेर डाक्टर बन्न चाहने विद्यार्थी भाइबहिनीहरूले प्रयोगशालामा हाम्रो जीउ चीरफार गरेर भित्री बनावटको अध्ययन गरेर धेरै कुरा सिक्छन् । त्यसैले मानिसका लागि हामी अति उपयोगी र गुणकारी जन्तु मानिन्छौं ।




# छेपारो
(LIZARD)

जमिनमा खुरुरु-खुरुरु दौडने हामी साना जीव हौँ । हाम्रा थुप्रै प्रजातिहरू छन् । अन्टार्क्टिका बाहेक संसारका सबै ठाउँमा हामी बसोबास गर्छौं । हाम्रा चारवटा खुट्टा हुन्छन् र बाहिरी कान पनि हुन्छन् । घरको भित्ता भित्तामा देखिने माउसुली पनि हाम्रै प्रजातिका हुन् भने इन्डोनेशियामा पाइने दश फिट लामा र १६६ केजी तौल भएका कोमोडो ड्रेगन नामका विशाल छेपाराहरू पनि हाम्रै प्रजातिभित्र पर्छन् । हामीमध्ये केही छेपाराहरू बाहिरी वातावरणअनुसार आफ्नो शरीरको रङ फेर्न पनि सक्छौं । भित्ती प्रजातिका छेपाराहरूको पुच्छर कमजोर हुन्छ । कुकुर, विरालो, मान्छे आदिले छोइमात्र दिँदा पनि पुच्छर जीउबाट छुट्टिएर झर्छ । यो आत्मरक्षा प्रणालीको एक तरीका हो । त्यो पुच्छर झरेको मुडुले ठाउँमा फेरि अर्को पुच्छर पलाएर आउँछ । गर्मी मुलुकहरूमा पाइने ती भित्तीहरू राती घरको भित्ताभित्ता र सिलिङमा पनि नचिप्लीकन हिँड्छन्, दौडिन्छन् । उनीहरू बत्तीको वरिपरि झुम्मिने पुतली, भुसुना, कीरा र लामखुट्टे खाएर पेट भर्छन् । यसप्रकार हामी मानिसहरूको कोठाको वातावरण सफा राख्न मद्दत गर्छौं । घरबारीमा डुल्ने हामी छेपारो चाहिँ घाँस जमिनका कीरा फटेङ्ग्रा खान्छौं ।



# गिद्ध
(VULTURE)

हामी नभचर (आकाशमा उड्ने) ठूला चरा हौँ । जङ्गलका सिमल र अन्य अग्ला रुखका हाँगामा गुँड बनाउँछौँ । आकाशमा निक्कै माथि फनफनी उडेर तल जमीनमा कहाँ के जनावर मरेको छ भनेर दृष्टि दिइरहन्छौँ । हामी सकेसम्म आफैँ शिकार गर्दैनौँ । जमीनमा सिंह, बाघ, चितुवा, हुँडार आदिले मारेर छोडेको वा आफैँ मरेको शिकार खाने गर्छौं र हड्डी मात्र बाँकी रहने गरी मासु लुछेर सिध्याउँछौँ, सफा पारिदिन्छौँ । मानिसहरू हामीलाई 'फोहरी चरा' भनेर हेला गर्छन् । तर अलपत्र भएर मरेका जन्तु जनावर कुहिएर दुर्गन्धित भई रोग व्याधि फैलिन नदिनमा हाम्रो ठूलो योगदान हुन्छ । त्यसैले विद्वान मानिसहरूले हामीलाई 'वातावरणमैत्री पक्षी' भनेर धेरै प्रशंसा गर्छन् । हिन्दु धर्ममा श्रद्धागर्नेहरूले हामीलाई जटायु भनेर मान गर्छन् । रामायणको कथामा रावणले सीता हरण गरेर आकाश मार्गबाट लैजाँदै गर्दा सीतालाई छुटाउन रावणसँग युद्धगर्दा वीर गति प्राप्त गर्ने जटायु हाम्रै पुर्खा थिए । धेरै देशका सरकारले हामीलाई मार्नु गैरकानूनी कार्य भनेर बन्देज पनि लगाएका छन् । नेपालको बुटवल भन्ने ठाउँमा जटायु संरक्षण केन्द्र छ । त्यहाँ हामी गिद्धहरूको प्रजनन् गराई संख्या बढाउने काम भैरहेको छ । यो हामी सबैको लागि खुसीको कुरा हो ।



# हात्ती
(ELEPHANT)

नाङ्ला जत्रा कान, केराको थाम जस्ता खुट्टा, तरवार जस्ता दाह्रा (बाहिरी दाँत), पानीको पाइप जस्ता सूँड भएका हामी हात्ती थलचर (जमीनमा बस्ने) जनावरहरूमध्ये सबैभन्दा ठूला जनावर हौँ । हाम्रो वजन जन्मँदा १०० के.जी. र जवान हुँदा ६००० के.जी. सम्म हुन्छ । हामी भाले हात्तीलाई मत्ता, पोथीलाई ढोई र बच्चालाई छावा भन्छन् । हामीलाई नुहाउन असाध्यै मन पर्छ । हामी शाकाहारी जनावर हौँ र हामीलाई दिनको २०० के.जी. खानेकुरा चाहिन्छ । सूँडको माध्यमले हामी खाना खाने, पानी पिउने, सास फेर्ने र काम गर्ने गर्छौं । हाम्रो शारीरिक शक्ति र उपयोगिता देखेर परापूर्व कालदेखि हामीलाई मानिसले पाल्ने गर्दै आएका पनि छन् । हाम्रा लामा दाह्रा र हड्डीलाई हस्तिहाड भन्छन् । हस्तीहाड विभिन्न काममा प्रयोग हुने हुनाले लोभीपापी मानिसहरूले हामीलाई लुकीछिपी मारी हस्तिहाडको चोरी शिकारी गर्छन । यही कारणले वर्षेनी हाम्रो सङ्ख्या घटिरहेछ । त्यसैले विश्वका वातावरणसम्बन्धी संस्थाहरूले हात्तीलाई लोपोन्मुख प्रजातिहरूको सूचीमा राखेर संरक्षणका लागि सबैलाई आह्वान गरेका छन् । हामी नेपालमा विशेष गरी चितवन, बारा, पर्सा, बर्दिया, सुनसरी, झापामा पाइन्छौं । हामी हात्तीबारे थप जानकारी लिन '**हात्तीको हन्जा**' नामको बालसाहित्य पुस्तक पनि पढ है भाइबहिनीहरू !



# गैँडा
(RHINOCEROUS)

हामी चाहिँ हात्तीकाजस्तै खुट्टा भएका तर घुँडा नभएका मोटा र पुड्का शाकाहारी जनावर हौँ । हाम्रो विशेषता भनेको एक इन्च बाक्लो छाला हुनु र नाकमाथि सिङ हुनु हो । हामी विशेषगरी अफ्रिका र एशियामा पाइन्छौँ । नेपालमा हामी तराईका चितवन, बर्दिया र शुक्लाफाँटामा पाइन्छौँ । अफ्रिकाका गैँडाहरूको दुईवटा सिङ हुन्छ भने हामी एशियाका गैँडाहरूको एउटा मात्र सिङ हुन्छ । हाम्रो रङ सामान्यतया खैरो हुन्छ । हाम्रो सिङलाई खाग भन्छन् अनि हाम्रा बच्चालाई केटा/केटी भन्छन् । एउटा जवान भाले गैँडाको वजन २५०० केजी भन्दा बढी हुन्छ तर सुमात्रामा पाइने गैँडाहरू १००० केजी भन्दा कम वजनका हुन्छन् । वैज्ञानिकहरूका भनाइअनुसार हाम्रो सिङ रौँहरूको गुजुल्टोले बनेको हुन्छ । अफ्रिका, चीन, भियतनाम आदि कतिपय देशमा हाम्रो सिङलाई परम्परागत औषधीका लागि प्रयोग गर्छन । हामीलाई केही निर्दयी मान्छेले लुकीछिपी मार्ने गर्छन् अनि सिङ काटेर लैजान्छन् । यसले गर्दा हामी गैँडाको सङ्ख्या दिन प्रतिदिन घट्दै गइरहेको छ । त्यसैले अन्तर्राष्ट्रिय संस्था आई.यू.सी.एन.ले हामीलाई लोपोन्मुख जन्तुको सूचीमा राखेको छ र संरक्षणका लागि सबैलाई अनुरोध गर्दै आएको छ ।



# मयुर
(PEACOCK)

हामी ठूला जातका जङ्गली चरा हौं । कोहीकोही मानिसहरूले घरमा पालेर पनि राख्छन् । हामी सुन्दर चरा मानिन्छौं । त्यसको खास कारण हाम्रा भाले जातिमा पुच्छरको रुपमा पलाएका लामा-लामा चम्किला सुन्दर हरियानीला आँखीबुट्टे प्वाँखहरूले गर्दा हो । कुनैकुनै देशमा हामीलाई राष्ट्रिय चराको रुपमा पनि मान्यता दिएका छन । हाम्रो टाउकोमा राम्रो कल्की पनि हुन्छ । हामी आफ्नो चारा जमीनमा खोज्छौं । विशेषगरी सागपात, फूलको पत्रदल, बीउ-बिजन, कीरा फटेङ्ग्रा, सर्प तथा भ्यागुताहरू नै हाम्रो मीठो आहारा हुन् । हिन्दु धर्मशास्त्रमा हामीलाई महादेवपुत्र भगवान कार्तिकेयको वाहनको रुपमा उल्लेख गरेका छन् भने भगवान कृष्णको शीरमा हाम्रो प्वाँख शोभायमान रहेको देख्न सकिन्छ । ग्रीक रोमन पुराणहरूमा पनि हामीलाई देवताको रुपमा मान्छन । वन-जङ्गलको विनाश र मानिसहरूले हाम्रो चोरी शिकारी गर्ने भएकोले हामीलाई आई.यू.सी.एन.नामको अन्तर्राष्ट्रिय संस्थाले लोपोन्मुख जातिको सूचीमा राखेको छ ।



# खरायो
(RABBIT)

हामी जमिनमा सुरुङ खनेर बस्ने साना शाकाहारी जङ्गली प्राणी हौं । हामी विशेषगरी खैरा र सेता रङ्का हुन्छौं । हाम्रो विशेषता भनेको नै लामा-लामा ठाडा कान हुन । हामी बर्षमा दुई पल्ट आफ्नो शरीरको भुवा फेर्छौं । हाम्रो आयु सरदर दश वर्षको हुन्छ । हामी दुबोजस्तो घाँस, फलफूल र नरम पात र विरुवाका डाँठ खान्छौं । हामी सामाजिक प्राणी भएकाले मानिसले हामीलाई घरमा पालेर खेलाउँछन, केटाकेटीहरूको साथी बनेर हामी खेल्छौं पनि । हाम्रो शरीरका हड्डी कमजोर हुनाले हामीलाई उठाउँदा माथिबाट मात्र होइन तल पेटबाट पनि भरथेग गर्नुपर्छ । हाम्रो मासुमा उच्चकोटीको प्रोटीन हुन्छ । कसैले ऊनका लागि अङ्गोरा जातको खरायो पालेर जाडोमा ओडने पस्मिना, गलबन्दी, टोपी, स्वेटर आदि बनाउँछन । हाम्रो पिसाबमा नाइट्रोजन धेरै हुन्छ रे । त्यसैले कागतीको बोटको लागि हाम्रा पिसाब धेरै नै मलिलो मानिन्छ । हाम्रो दूध पनि पौष्टिकताले भरिपूर्ण हुन्छ । संसारका थुप्रै देशमा हामी खरायोलाई निर्दोषिता, यौवन, उत्पादकत्व र सुन्दरताको प्रतीकको रुपमा लिन्छन । त्यसैले कतिपय सामानहरूमा ठाडा कान भएका खरायोको जोडीको तस्बिर राख्ने गरेको देख्न पाइन्छ ।



श्री इन्द्रप्रसाद अधिकारी बालसाहित्य क्षेत्रमा लामो समयदेखि निरन्तररूपले कलम चलाउँदै आएका सर्जक हुन । पुस्तकालय तथा सूचनाविज्ञान विषयका स्नातकोत्तर श्री अधिकारी त्रिभुवन विश्वविद्यालयमा सेवारत छन । नेपाल पुस्तकालय सङ्घ र नेपाल बालसाहित्य समाजका आजीवन सदस्य रहेका श्री अधिकारीले डिकोडेबल बुक्स लेखन तालिम लगाएत नेपाल बालसाहित्य समाज, डेनिस राइटर्स असोसिएशन तथा रूम टु रीडद्वारा आयोजित बाल साहित्य सम्बन्धी विभिन्न कार्यशालाहरूमा सहभागी भई अनुभव हासिल गरेका छन् । उनले हालसम्म '**ए चरी, ए चरी !**', '**हात्तीको हन्जा**', '**तीतामीठा कुरा**', '**बल्ल बुझें**', '**भालेपुरका चल्लाहरू**', '**अहिले हाम्रो पालामा**', '**कालो टाटा भएको केटा**' आदि गरी एक दर्जन रमाइला र सन्देशमूलक बालसाहित्य पुस्तकहरू पस्किसकेका छन् ।



श्री कमल गुरूङ विगत एक दशकदेखि कला क्षेत्रमा समर्पित युवा कलाकार हुन् । हाल त्रिभुवन विश्वविद्यालयमा कला स्नातक अध्ययन गर्दै रहेका उनले थुप्रै कला प्रदर्शनीमा सक्रिय सहभागिता जनाई प्रथम पुरस्कारसहित अन्य पुरस्कार र सम्मानसमेत प्राप्त गरिसकेका छन् । विभिन्न भित्तेपात्रो तथा टेबुलपात्रोमासमेत चित्राङ्कनको कार्य गरिसकेका श्री गुरूङले पहिलो पटक यस पुस्तकमार्फत बालसाहित्य चित्राङ्कनकर्ताको रूपमा आफ्नो प्रतिभाशाली उपस्थिति जनाएका छन् ।




'नाकैमाथि सिङ' आफ्नो नाकमाथि पलाएको सिङले गर्दा आफू कुरुप देखिएको ठानी निराश हुने भुन्टे नामको गैंडाको रमाइलो कथा हो । चिन्तित भई हिंडदै जाँदा उसको भेट अझ नराम्रा देखिने अरु केही जनावरहरूसँग हुन्छ । कुराकानीका क्रममा तिनीहरूले भुन्टेलाई के भने, भुन्टेलाई पछि कस्तो आपत आइलाग्यो, उसलाई ती जन्तुले कसरी बचाए अनि पछि उसको सोचाइमा के कस्तो परिवर्तन आयो भन्ने कुरा यो रमाइलो चित्रात्मक पुस्तक पढ्दा थाहा पाइन्छ ।

हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्यूटर्स प्रा. लि.
भोटाहिटी, काठमाडौं, नेपाल
फोनः ४२२१२९१, ४२२९७७०
इमेलः hpdbooks@ntc.net.np

ISBN: 978-9937-595-13-1